अंक: श्रावण - आश्विन २०८०

# पैरवी



सम्पादनः कमला पोखरेल　　संयोजनः पवित्र राना　　सहयोगः उषा गाईजू

ओरेकले महिला अधिकारका सवाललाई समुदाय तहदेखि उठान गरी यसको सम्बोधनका लागि राज्यको नीति निर्माण तहमा पैरवी गरिरहेको हामी अवगतै छौं । साथै यस संस्थाले लामो समयदेखि महिलाको मानव अधिकार र सामाजिक न्यायका सवालमा निरन्तर कार्य गरिरहेको छ । सोहि अभियानलाई निरन्तरता दिंदै ओरेकले फेरी आफ्नो त्रैमाशिक न्यूजलेटर प्रकाशन गरेको छ । पैरवीको यस अंकमा ओरेकले जुलाई २०२३ देखि सेप्टेम्वर २०२३ सम्म सञ्चालन गरेका विषयगत क्षेत्र अन्तर्गतका अभियानमूलक तथा पैरवीमूलक कृयाकलाप समावेश गरेको छ ।

पैरवीको यस अंकमा विशेष गरी ओरेकले मानव अधिकार तथा सामाजिक न्याय, पर्यावरणिय न्याय र महिलाको नेतृत्व, महिला तथा सिमान्तकृत समुदायको आर्थिक सशक्तिकरण र मानव अधिकार र महिला अधिकारका लागि राज्यसँग गरेका पैरविका अभियानहरुलाई विशेषत: प्राथमिकतामा राखी यसले गरेका सामाजिक सञ्जालका अभियानहरुलाई समेत समेटेर त्रैमाशिक पत्रिका प्रकाशन गरिएको छ ।

WOREC

ओरेक
बालकुमारी, ललितपुर फोन नं.: ०१ ५१८६०७३,
ईमेल : ics@worecnepal.org
वेवसाइट : www.worecnepal.org
हटलाईन नम्बरहरु:१६६००१७८९१०;१६६०-२१-५२०००

# बागमती प्रदेश स्तरीय महिलावादी मञ्च सम्पन्न

न्याय, समानता र पयार्वरणीय अधिकारको सनिश्चितताः सामाजिक रूपान्तरण सहितको दिगो विकासमा निश्चितता” भन्ने मूल नाराका साथ काठमाडौँ बागमती प्रदेश स्तरीय महिलावादी मञ्च सम्पन्न भयो । २०८०, असोज ७ र ८ गते गरी दुई दिनसम्म सम्पन्न उक्त कार्यक्रम मानव अधिकार रक्षकहरुको राष्ट्रिय सञ्जालको नेतृत्व तथा मानव अधिकारको क्षेत्रमा कार्यरत ५५ वटा संघसंस्थाहरुको संयुक्त अयोजनामा सम्पन्न भएको छ । नेपालमा सञ्चालन भएको महिला आन्दोलनलाई सुदृढ गर्दै महिलावादी दृष्टिकोणबाट समाजलाई विश्लेषण गर्ने, अन्तरपुस्ता रुपान्तरित नेतृत्वको सवाललाई महिला अधिकारको आन्दोलनमा मूलप्रवाहीकरण गर्नका लागि वातावरण तयार गर्ने र नव–निर्वाचित महिला जन–प्रतिनिधिहरूलाई महिलावादी दृष्टिकोण र त्यसको महत्वको बारेमा धारणागत स्पष्टता कायम गर्दै सहकार्यको वातावरण निर्माण गर्ने उद्देश्यले आयोजना गरिएको प्रदेश स्तरीय यस कार्यक्रमको प्रमुख आतिथ्यता माननीय उप—सभामुख इन्दिरा राना मगर र कानून, न्याय तथा मानव अधिकार समितीका अध्यक्ष माननीय विमला सुवेदीले गर्नुभएको थियो ।




यस कार्यक्रममा स्थानीय तहका नवनिर्वाचित जनप्रतिनिधिहरु र सामाजिक रुपान्तरणमा आस्था राख्ने सबै अधिकारकर्मीहरु एकै ठाउँमा उपस्थित भएर सामाजिक न्यायमा आधारित समाज निर्माण गर्न प्रादेशिक स्तरबाट गर्नु पर्ने कामहरु, लिनु पर्ने व्यवहारिक बाटोहरु, सम्भावित अवसर तथा चुनौतीहरुका बारेमा छलफल गरी निचोड निकालिएको थियो । प्रदेश स्तरमा सम्पन्न भएको यस महिलाबादी मञ्चमा मुख्य गरी महिलाको श्रम, शरीर र बासको अधिकारको सवाललाई केन्द्रित गरिएको थियो । यसका साथै हालसम्म यी क्षेत्रहरुमा भएका नियन्त्रणहरुले महिलालाई पारेको प्रभाव, उक्त प्रभावले समाज र देशलाई पारेको असरका विषयमा शरीर मेरो नियन्त्रण कसैको, श्रमको अधिकार र बासको अधिकारको सवालमा प्यानल छलफल तथा रुपान्तरित नेतृत्वको सवालमा कार्यशाला समेत सम्पन्न गरिएको थियो ।












तीन सयभन्दा बढी महिला तथा महिला अधिकारबादीहरुको उपस्थितिमा सम्पन्न यस कार्यक्रममा महिलालाई हेर्ने विभेदकारी दृष्टिकोणका कारणले महिलाको श्रम, शरीर र पहिचानको मान्यता स्थापित हुनसकेको र यसले महिलाको जीवन, परिवार, समाज र समग्र देश विकासमा समेत असर पारेको कुरामा जोड दिइएको थियो । तसर्थ यस्तो प्रभावलाई समेत विश्लेषण गर्दै महिलाको आफ्नो शरीरमाथि आफ्नो अधिकार स्थापित हुने वातावरण निर्माणका लागि प्रत्येक व्यक्तिको सोंच र व्यवहारमा परिवर्तन हुन आवश्यक रहेकोमा समेत जोड दिइएको थियो । साथै सुरक्षित बसोबासको अधिकार मानवको मौलिक अधिकार भएको र अहिले विकास तथा शहरीकरणको नाममा व्यक्तिको मौलिक अधिकारलाई कुण्ठित गर्दै विना कुनै विकल्प सुकुम्बासी वस्तीहरु हटाउने कार्यहरु भइरहेको कुरालाई उठान गर्दै यसले महिला, बालिका तथा किशोरीहरुलाई सबै भन्दा बढी असर पारेको र विकासलाई एकपक्षीय कार्यक्रममा महिलालाई हेर्ने विभेदकारी दृष्टिकोणका कारणले महिलाको श्रम, शरीर र पहिचानको मान्यता स्थापित हुन नसकेको भन्दै यसले महिलाको जीवन, परिवार, समाज र समग्र देश विकासमा समेत नकारात्मक असर पारेको हुनाले यस्तो प्रभावलाई समेत विश्लेषण गर्दै महिलाको आफ्नो शरीरमाथि आफ्नो अधिकार स्थापित हुने वातावरण निर्माणका लागि प्रत्येक व्यक्तिको सोंच र व्यवहारमा परिवर्तन हुन आवश्यक रहेकोमा जोड दिइएको थियो ।
यस प्रदेश स्तरीय कार्यक्रममा विशेषतः सुरक्षित बसोबासको अधिकार मानवको मौलिक अधिकार भएको र अहिले विकास तथा शहरीकरणको नाममा व्यक्तिको मौलिक अधिकारलाई कुण्ठित गर्दै विना कुनै विकल्प सुकुम्बासी वस्तीहरु हटाउने कार्यहरु भइरहेको र यसले महिला, बालिका तथा किशोरीहरुलाई सबै भन्दा बढी असर पारेको हुनाले यस सवालाई मध्यनजर गर्दै विकासलाई एकपक्षीय रुपमा मात्र नहेरी यसको प्रभावलाई बहुपक्षीय विश्लेषण गर्नु पर्ने र यसका लागि स्थनीय तह जिम्मेवार हुनु पर्नेमा प्यानल छलफलको क्रममा जोड दिइएको थियो । साथै कार्यक्रमले महिलाको राजनीतिक नेतृत्व स्थापित हुनुका पछि दशकौं लामो महिला आन्दोलनको भूमिका रहेको र मानव अधिकार तथा सामाजिक न्यायको लडाइँमा महिला एक्लो नभएको कुरालाई विशेष जोडका साथ उठाइएको थियो भने महिला अधिकारको आन्दोलन तथा महिला अधिकारको सवालहरुको पहिचान तथा विश्लेषण गरी सो को लागि योजना निर्माण गर्ने सिप तथा क्षमता अभिबृद्धिमा समेत प्रदेश स्तरीय मञ्चले सहजीकरण गरेको थियो । आश्विन ७ र ८ गते सम्पन्न प्रदेश स्तरीय महिलावादी मञ्चको आयोजना सम्बन्धमा जानकारी दिने उद्देश्यले असोज ६ गते पत्रकार सम्मेलन समेत गरिएको थियो भने कार्यक्रम सञ्चालनका क्रममा महिलाबादी गीत, कविता र नृत्यहरू समेत प्रदर्शन गरिएको थियो । हाल राष्ट्रिय महिला मावन अधिकार रक्षक सञ्जालको सचिवालय ओरेकमा रहेकाले ओरेकले यस मञ्चको संयोजन गरेको थियो ।

# "राज्य विहिनताः लैङ्गिक  विभेदको परिणामः विषयक राष्ट्रिय कार्यशाला गोष्ठी सम्पन्न

महिला पुर्नस्थापना केन्द्र (ओरेक), एम्नेस्टि इन्टरनेशनल तथा महिला कानून र विकास मञ्च (FWLD) को सयुंक्त आयोजनामा २९ श्रावण २०८० का दिन काठमाडौँ **"राज्य विहिनताः लैंगिक विभेदको परिणामः दिगो विकासको लक्ष्य ५ र १६ प्राप्तिका लागि बाधक"** विषयक एक दिने राष्ट्रिय कार्यशाला गोष्ठी नेपाल पिपल्स फोरम २०२३ को एक साइड इभेन्टको रुपमा सम्पन्न भयो । नेपाल नागरिकता (पहिलो संशोधन) ऐनमा भएका त्रुटि वा संविधानसँग बाझिएका व्यवस्थाहरुका बारेमा सरोकारहरूलाई जानकारी गराउने, लैंगिक विभेदले नेपालमा नागरिकता प्राप्तिमा पारेको कठिनाई र यसका बहु–आयामिक असरहरु बारे छलफल गरी सबैको साझा धारणा निर्माण गर्ने तथा छलफलबाट आएका सुझावहरुको




आधारमा सुझावपत्र तयार गरी सम्बन्धित सरोकारवाला निकाय समक्ष पेश गर्ने र जिम्मेवार निकायलाई जवाफदेही बनाउने उद्देश्यका साथ सम्पन्न यस कायशाला गोष्ठीमा विभिन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि,सरकारी निकायका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न राष्ट्रिय आयोगका प्रमुख तथा प्रतिनिधि,अन्तराष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि, युएन एजेन्सीका प्रमुख तथा प्रतिनिधि, विभिन्न छापा तथा अनलाईनका मिडियाकर्मीहरु, अधिवक्ता तथा मानव अधिकारकर्मीहरु विभिन्न जिल्लाका नागरिकता प्राप्तिबाट प्रभावित प्रतिनिधिहरु त्था आयोजक संस्थाका प्रमुख तथा प्रतिनिधिहरुको उल्लेखनिय उपस्थिति रहेको थियो ।

यस कार्यक्रममा ओरेकका तर्फबाट सन् २०२३ को जनवरीदेखि फेब्रुवरीसम्मको अवधिमा संस्था कार्यरत १३ जिल्लाका नागरिकता प्रमाणपत्र विहीन १३६ व्यक्तिहरुको पहिचान गरी गरिएको अनुसन्धानको विश्लेषणात्मक नतिजा सार्वजनिक गरिएको थियो । उक्त अनुसन्धानको नतिजा सार्वजनिक गर्दै नेपालको वर्तमान कानुनमा भएका विभेदकारी कानुनी व्यवस्थाहरुले गर्दा नेपाली महिला, उनीहरूका छोराछोरी र नेपाली महिलासँग विवाह गरेका विदेशी पुरुषहरू, यौनिक तथा लैंगिक अल्पसंख्यकहरुले नागरिकता सम्बन्धी कागजातहरू प्राप्त गर्न सामना गर्नु परेका चुनौती तथा सवालहरूको पहिचान तथा विश्लेषण गर्न र नेपाल नागरिकता ऐन, २००६ लाई संवैधानिक प्रावधान, अन्तर्राष्ट्रिय मानवअधिकार दायित्व, नागरिकता सम्बन्धी सर्वोच्च अदालतबाट भएका निर्णयहरुका आधारमा आवश्यक परिमार्जनका लागि सम्बन्धित सरोकारवालाहरुलाई सुझाव प्रदान समेत गरिएको थियो ।

डा. रेणु अधिकारी, राजनितज्ञ डा. विन्दा पाण्डे, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि र नागरिकता प्राप्त गर्नबाट बञ्चित विमला लिम्बु सहितको प्यानल छलफल समेत आयोजना गरिएके यस गोष्ठीमा नागरिकता प्राप्तीबाट बन्चित प्रभावितहरूलाई विद्यमान भेदभावपूर्ण प्रावधानहरूले समान नागरिकताको अधिकार सुनिश्चित गर्न कसरी चुनौति खडा गरेको छ र यो दिगो विकास लक्ष्य प्राप्तिमा कसरी चुनौतिपूर्ण छ भन्ने सवालमा केन्द्रीत रहेको थियो । प्यानल छलफलको क्रममा विशेष गरेर न्नागरिकताको सवाल लिंगका आधारमा हुने विभेदमा मात्र सिमित नभएर वर्ग, रंग, जातजातीयता र भुगोलको आधारमा समेत विभेद गरिएको पाइएकोले सबैको सम्वोधन हुने गरी नीति बन्नु पर्ने कुरामा जोड दिइएको थियो । साथै नीति तथा कानुनहरुको प्रभावकारी कार्यान्वयन र कार्यान्वयनका लागि व्यक्तिको सोंच र व्यवहारमा समेत परिवर्तन हुनुपर्नेमा जोड दिएको थियो ।

# अन्तर्राष्ट्रिय शान्ति दिवसका अवसरमा द्वन्द्व प्रभावितहरुको मानव अधिकारको सम्मान, संरक्षण र परिपुरणका सवालमा ओरेकको ध्यानाकर्षण



ओरेकले अन्तर्राष्ट्रिय शान्ति दिवस २१ सेप्टेम्वर २०२३ को अवसरमा दण्डहिनताको अन्त्य गरी न्याय प्राप्त गर्ने नागरिक अधिकार सुनिश्चितता गर भन्ने नाराका साथ प्रेश विज्ञप्ति जारी गर्दै द्वन्द्व प्रभावितहरुको मानव अधिकारको सम्मान, संरक्षण र परिपुरणका सवालमा केन्द्रित भई सम्बन्धित गृह मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, स्थानीय पालिका, मानव अधिकार आयोग लगायतका सरोकारवालाहरु समक्ष द्वन्द्व प्रभावितहरुको मानव अधिकारको सम्मान, संरक्षण र परिपुणको सवाललाई मुख्य सवाल बनाई ध्यानाकर्षण पत्र बुझाएको थियो । सेप्टम्बर २१ गते संस्थाले कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, गृह मन्त्रालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्रालयकालाई ध्यानाकर्षण पत्र बुझाएको थियो ।

संरचनात्मक विभेद, शोषण र एकात्मक शासन पद्धतिवाट जन्मिएको १० वर्षे शसस्त्र द्वन्द्वको अन्त्य भई 'दिगो शान्ति निर्माण' को प्रतिवद्धता सहित विस्तृत शान्ति सम्झौता भएको १७ वर्ष पूरा भइसकेको वर्तमान परिपेक्ष्यमा पनि युद्धको घाउहरु बोकेका व्यक्तिहरुले अहिलेसम्म न्याय पाउन नसकेको अवस्थामा उनीहरुका लागि न्याय प्राप्तिका लागि सरोकारवालाहरुलाई जवाफदेही बनाउनका लागि ध्यानाकर्षण पत्र बुझाएको हो । सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्धको अपराध सम्बन्धि घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिका बारेमा सत्य तथ्यको खोज तथा त्यसको छानविन गरी वास्तविक तथ्य बाहिर ल्याउन सत्य निरुपण तथा मेलमिलाप आयोग तथा बेपत्ता पारिएका व्यक्तिहरुको छानविन आयोग गठन गरिएता पनि द्वन्द्वका बेला युद्धरत पक्षहरुबाट महिला माथि भएका यौन हिंसा, यातना लगायतका विभिन्न प्रकारका गम्भीर मानव अधिकार उल्लघंनका सवाल सम्बोधन हुन नसकेकोले ओरेकले द्वन्द्वले महिला, बालिका र किशोरीहरुमा परेको असर, द्वन्द्वमा भएका यौनजन्य हिंसा र त्यसले महिलाको जीवनमा पारेको असरको विषयमा घटनाहरु अभिलेखन गरी दिगो शान्तिको लागि जिम्मेवार निकायहरुले चुस्त दुरुस्त काम गर्न सकुन भनी ध्यानाकर्षण पत्र बुझाएको छ भने स्वंय संस्थाले पनि यस किशिमका घटनाहरुको विषयमा अभिलेखिकरण गरी पैरवीका अभियानहरु संचालन गर्दै आएको छ । यस अवसरमा बुझाएको ध्यानाकर्षण पत्र र प्रेस विज्ञप्तिमा द्वन्द्व प्रभावितहरुको मानव अधिकारको सम्मान, संरक्षण र परिपुरणका लागि सरकारसँग जम्मा ९ वटा मागहरु राखिएको थियो जसमा विशेषतः संक्रमणकालिन न्याय सम्बन्धी कानून संशोधन गर्नका लागि पीडित लगायतका सबै सरोकारवालासंग समावेशी रुपमा अर्थपूर्ण परामर्श तथा छलफल तत्काल आरम्भ गरियोस् र सरोकारवालाहरूको परामर्शमा समग्र संक्रमणकालीन न्याय प्रक्रियाको समयसीमा सहितको स्पष्ट कार्ययोजना सार्वजनिक गरी संक्रमणकालीन न्याय प्रक्रिया निष्कर्षमा पु¥याउने ठोस प्रतिबद्धता जाहेर गर्न र उक्त कार्ययोजना अक्षरशः कार्यान्व्यन हुने वातावरण सुनिश्चित गरियोस् तथा द्वन्द्वकालमा महिलामाथी भएका यौन तथा लैङ्गिक हिंसाका घटनाको उमेर, जाति, लिङ्ग र भौगोलिक क्षेत्रका आधारमा अनुसन्धान गरी हिंसाको प्रकृती र अवस्थाको आधारमा सामाजिक न्याय तथा महिला अधिकार सुनिश्चितताका लागि विशेष योजना तथा सशक्तिकरणका कार्यक्रमको व्यवस्था गरियोस् भन्ने रहेको थियो ।

# युवा मानव अधिकार रक्षकहरुका लागि समष्टिगत सुरक्षा तालिम सम्पन्न



ओरेकले लुम्बिनी प्रदेशको बुटवल र मधेश प्रदेशको सप्तरीमा युवा मानव अधिकार रक्षकहरुको लिाग पाँच दिने प्रदेशस्तरीय समष्टिगत सुरक्षा सम्बन्धी तालिम सम्पन्न गरेको छ । तालिममा लुम्बिनी प्रदेशका १२ वटा जिल्ला र मधेश प्रदेशको ८ वटा जिल्लाका जम्मा ५२ जना युवा मानव अधिकार रक्षकहरुको सहभागिता रहेको थियो । मानव अधिकार रक्षकहरुमाथि आउन सक्ने जोखिम मूल्याङ्कन, सुरक्षा योजना, कानुनी प्रावधान र स्वःहेरचाह सम्बन्धी सम्बन्धी क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालित ५ दिने तालिममा मानव अधिकार रक्षकहरुले समुदाय तहमा अग्रपंक्तिमा रहेर मानव अधिकारको संरक्षण र सम्बद्र्धनमा महत्वपूर्ण योगदान गर्दै आएको भएपनि कामकै आधारमा विभिन्न प्रकारका विभेद, चुनौती र जोखिमहरुको सामना गर्नुपरेको वर्तमान परिस्थितिको विश्लेषण गरी उनीहरुको कामको मान्यता, पहिचान र सम्मान हुन सक्ने वातावरण सृजनाका उपायहरुको खोजी गरिएको थियो । तालिममा विशेषतः मानव अधिकार रक्षकहरुको भौतिक सुरक्षा, डिजिटल सुरक्षा तथा स्वः हेरचाह सम्बन्धी विषयवस्तुहरुमा मुख्यः रुपमा छलफल गरिएको थियो । यस तालिमले मानव अधिकार रक्षकको व्यक्तिगत, पारिवारिक, सामुदायिक, संगठनात्मक तह र राज्य स्तरमा सुरक्षाको सुनिश्चितताको लागि पहल गर्नुका साथै सहभागी अधिकारकर्मीहरुलाई उनीहरूले सामना गरिरहेको जोखिमको विश्लेषण र मूल्याङ्कन गर्न, सामग्रीको बारेमा ज्ञान प्रदान गर्न, सन्दर्भ र समर्थन संयन्त्र खोज्न, व्यक्तिगत सुरक्षा योजना बनाउन सहजीकरण गरिएको थियो । महिला मानवअधिकार रक्षकहरुको राष्ट्रिय संजालका संस्थापक अध्यक्ष तथा ओरेक नेपालका अध्यक्ष डा. रेणु अधिकारीले मानव अधिकार रक्षकहरुको सुरक्षा र चुनौतीका विषयमा सहजीकरण गर्दै मानव अधिकारको क्षेत्रमा क्रियाशिल रहँदा आफुभित्रको सुरक्षा, बाह्य सुरक्षा र डिजिटल सुरक्षाका बिषयमा विशेष ध्यान दिन आवश्यक रहेको बताउनु भएको थियो । यसका साथै तालिममा मानव अधिकार आयोगका सह सचिव सम्झना शर्माले समेत सहजिकरण गर्दै मानवअधिकार रक्षकहरुको संरक्षणमा मानवअधिकार आयोगको भूमिका राष्ट्रिय र अन्तर्राष्ट्रिय अभ्यासहरुका बारेमा स्प्रस्ट पार्नु भएको थियो । तालिमका सहभागीहरुले मानव अधिकार रक्षकहरुको सुरक्षामा तीनै तहका सरकार संवेदनशील हुनुपर्नेमा जोड दिएका थिए ।

# कृषि, पर्यावरण, उद्यमशिलता तथा महिला नेतृत्व विषयमा अभिमुखिकरण कार्यक्रम सम्पन्न



ओरेकले १२ सेप्टेम्बर २०२३ का दिन कर्मचारीहरुको विषयगत क्षेत्रमा अवधारणागत स्पस्टता गराउने उद्देश्यले कृषि, पर्यावरण, उधमशिलता तथा महिला नेतृत्व विषयमा संस्थाका कर्मचारीहरुलाई अभिमुखिकरण कार्यक्रम संचालन गरेको थियो । राष्ट्रिय तथा क्षेत्रिय रुपमा महिलावादी दृष्ट्रिकोणबाट कार्यरत अन्य ब्यक्ति तथा संस्थाहरुको ज्ञान र अनुभव साटासाट गरी क्षमता अभिवृद्धीमा थप बिकास गर्ने अभिप्रायले सञ्चालन यस अभिमुखिकरणको सहजिकरण भारतकी प्रसिद्ध अभियन्ता डा. रुकमिणी रावले गर्नु भएको थियो । कृषि, पर्यावरण, उधमशिलता तथा महिला नेतृत्व विषयमा विज्ञ रावले ओरेकका काठमाण्डौ कार्यालयमा कार्यरत कर्मचारीको भौतिक तथा वाह्य जिल्लाका कर्मचारीको अनलाइन मार्फतको उपस्थितिमा एक दिने अभिमुखिकरण कार्यक्रम संचालन गर्नु भउको थियो ।४० वर्ष भन्दा बढी पुनर्जीवित कृषि (Regenerative Agriculture), खाध्य सुरक्षा, जलवायु तथा वातावारणीय न्यायको क्षेत्रमा कार्य गर्दै आउनुभएकी रुकमिणी रावले महिला कृषकले बिउ भण्डारण तथा संरक्षण गर्न सके मात्र त्यसले ग्रामिण अर्थतन्त्रलाई बाहिर जानबाट रोक्न सक्ने तथा जैविक विविधिकरणलाई समेत सहयोग पु¥याउनुका साथै त्यसले किसानलाई परनिर्भर बनाउने र स्थानीय अर्थतन्त्रलाई स्थानीय स्तरमा परिचालन गर्न नदिने अवस्था सृजना हुने विषयमा विशेष जोड दिनुभएको थियो ।

यसैगरी, डा. रावले ग्रामिण महिलाहरु प्रायःजसो सन्तुलित खाध्यबाट टाढा रहेको अवस्था भएकोले पोषण तथा स्वास्थ्यको दृष्टिकोणले ग्रामिण महिलाहरु सन्तुलित खाध्यान्न उत्पादन गर्ने करेसाबारीको पहुँचमा हुँदा त्यसले महिलाको समग्र स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने भएकाले स्वास्थ्य राम्रो भएको अवस्थामा मात्र महिला शसक्त हुन सक्ने वातावरण बन्ने कुरामा जोड दिनु भएको थियो । साथै, यसको दिगोपनाका लागि नीतिगत तहबाट नै पहल गरिनु पर्ने र यस किशिमका पहलको लागि राज्यको नीति ग्रामिण समस्यालाई मध्यनजर गरी प्रस्ट उद्देश्य सहितको अनुसन्धानको नमूना बनाएर समुदायमा आधारित अनुसन्धानहरु गरी त्यसबाट आउने सिफारिसलाई नीतिगत तहबाट समेट्न सम्बन्धित सरोकारवालालाई दवाब दिनुपर्ने धारणा राख्नुभएको थियो ।





# विपद्को अवस्थामा लैङ्गिक विभेदमा आधारित हिंसा र संरक्षण बिषयमा ३ दिने तालिम सम्पन्न




ओरेकले गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका संरक्षण बिषयगत क्षेत्रका सेवा प्रदायक निकाय तथा सरोकारवालाका लागि विपद्को अवस्थामा हुने लैङ्गिकतामा आधारित हिंसा र त्यसबाट हुने संरक्षण सम्बन्धी ३ दिने तालिम संचालन गरेको थियो । जुलाई २६ देखि २८, २०२३ मा लुम्बिनी प्रदेश र ११ देखी १३ सेप्टेम्बरमा गण्डकी प्रदेशमा सञ्चालन भएको यस तालिम महिला बालबालिका विभाग, प्रादेशिक सामाजिक विकास मन्त्रालय तथा युएनएफपिएसँगको सहकार्यमा सञ्चालन गरिएको थियो । सेवाप्रदायकहरुले महिला, बालिका तथा पछाडि पारिएको समुदायले विपद्को समयमा सामना गर्नुपर्ने संरक्षणका सवाल, समाधानका उपाय, लैङ्गिक हिंसाका जोखिमहरु र विपद् प्रतिकार्यका लागि सरोकारवालाको  लैङ्गिक संवेदनशिलता विकास गर्ने मुख्य उद्देश्यले सञ्चालन गरिएको यस यस तालिममा २ प्रदेशबाट जम्मा ६४ जना सरोकारवालाहरुको सहभागिता रहेको थियो ।

यस तालिममा विशेषतः नेपालमा विपद् व्यवस्थापन संरचना र संघ, प्रदेश र स्थानीय सरकारको भूमिका र जिम्मेवारीहरू, विपद्को समयमा हुने लैङ्गिकतामा आधारित हिंसा, हिंसाको घटना व्यवस्थापन र गुणस्तरीय सेवाहरू, लिंगमा आधारित हिंसा उप–समूहको मुख्य समन्वय कार्यहरू, आपद्कालीन अवस्थामा यौन हिंसा र शोषण वा यौन शोषण र दुव्र्यवहारबाट सुरक्षाको लेखापरीक्षण, आधारभूत मानवीय सिद्धान्तहरू, मनोसामाजिक सहयोग र स्वःहेरचाह जस्ता बिषयमा सत्रहरु सञ्चालन भएका थिए ।  लुम्बिनी प्रदेश स्तरिय क्षमता अभिवृद्धि तालिममा ओरेकले आपतकालिन अवस्थामा महिलाको आवाज र नेतृत्व सम्बन्धी गरेको आधारभुत सर्वेक्षणको नतिजा प्रस्तुत गरी महिलाको आपतकालिन आवस्थामा हुने हिंसा न्युनिकरण गर्नका लागि महिला तथा समुदायमा रहेका महिला संस्थाहरुको नेतृत्व हुनुपर्ने बिषयमा जोड दिइएको थियो । यस विषयमा सञ्चालित माथि उल्लेखित दुवै प्रदेशको तालिमको अन्त्यमा जिल्लामा विपद्को अवस्थामा महिला माथि हुने हिंसा सम्बोधनका लागि संयुक्त कार्ययोजना निर्माण गरिएको थियो ।

# पूर्णएकिकरण निर्देशिका र महिलाको श्रम अधिकार सम्बन्धित प्रदेशस्तरीय कार्यशाला गोष्ठी सम्पन्न




ओरेक, रङ्गिनी फाउण्डेसन र पौरखी नेपालको संयुक्त  आयोजनामा र महिला मानव अधिकार रक्षक सञ्जाल, कास्कीको समन्वयमा कास्की जिल्ला लगायत गण्डकी प्रदेशमा फर्किएका आप्रवासी कामदारहरूको पुनःएकीकरण निर्देशिका र महिलाको कामको अधिकार सम्बन्धी एक दिने प्रदेशस्तरीय परामर्श कार्यक्रम सम्पन्न गरेको थियो । “आप्रवासी कामदारहरूको पुनः एकीकरणः नेपालमा फर्किएका महिला कामदारहरूको पुनः एकीकरणलाई सुदृढ पार्न चुनौती र सिफारिसहरू” नामक कार्यशाला गोष्ठिको मुख्य उद्देश्य भनेको महिलाको कामलाई वैधानिकता दिदै औपचारिक कामको रूपमा स्वीकार गर्ने वातावरण स्थापना गर्नु र महिलाको काम र फर्केका  आएका आप्रवासी कामदारहरूको पुनः एकीकरण कार्यक्रम बीचको अन्तरसम्बन्धलाई संवेदनशील र वैचारिक रूपमा स्पष्ट पार्नु रहेको थियो । कार्यक्रममा सामाजिक विकास मन्त्रालय, श्रम तथा रोजगार कार्यालय, स्थानीय तहका सामुदायिक संस्थाहरु,  गैरसरकारी संघसंस्थाका प्रतिनिधि सहित ८२ जनाको सहभागिता रहेको उक्त कार्यक्रम १४ सेप्टेम्वर २०२३ अर्थात २८ भाद्र २०२८ मा पोखरामा सम्पन्न भएको थियो । ओरेकका तर्फबाट यस कार्यक्रममा संस्थाका संस्थापक तथा वर्तमान अध्यक्ष डा. रेणु अधिकारको समेत उपस्थिति रहेको थियो ।

हालै लेटाङ नगरपालिकामा मनोविमर्शकर्ताको रुपमा काम गर्दै आएकी शारदा राईलाई वैदेशिक रोजगारीबाट फर्किएपछि एचआइभी पोजेटिभ भएको आरोप लागेको थियो । समाजले आरोप लगाएतापनि शारदाले आफुलाई मजबुद बनाइन् र आफ्नो कामद्वारा अघि बढ्ने निर्णय गरिन्। वैदेशिक रोजगारबाट फर्किएका महिलाहरुको (RMW) संजाल तथा अरु संघ संगठनहरूमा शारदाको यात्रा शुरु भए पश्चात शारदाले उनको भनाइ राख्ने ठाँउ पाईन् । त्यसबेला देखि उनले वैदेशिक रोजगारबाट फर्किएका महिला श्रमिकहरू माथि लाग्ने यस किसिमका मिथ्या आरोप विरुद्ध सक्रिय रूपमा वकालत गर्दै आएकी छन्। उनको परिश्रमको कारण उनी हालै मनोविमर्शकर्ताको रुपमा नगरपालिका न्यायिक समीतिमा पनि सहजीकरण गर्दै आएकिछन्।



**शारदा राई**
लेटाङ नगरपालिका
मोरङ

# पालिका स्तरिय महिला मानव अधिकार रक्षक तथा श्रमिक महिला संजाल विस्तार



ओरेक मोरङ्गको प्राविधिक सहयोगमा मोरङ्ग जिल्लाका उर्लाबारी नगरपालिकाको महिला फेडरेसन तथा सुन्दरहरैचा नगरपालिकासँगको समन्वय तथा सहकार्यमा महिला माथि हुने हिंसा न्युनीकरणका लागि पालिका स्तरिय स्तरिय २ वटा महिला मानव अधिकार रक्षक संजाल गठन गरेको छ । जिल्लामा अवस्थित कानेपोखरी, केराबारी, उर्लाबारी, रंगेली पालिकाहरुमा गठित संजालहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न विषयमा अभिमुखिकरण गरिएको थियो । सञ्जाललाई प्रदान गरिएको अभिमुखिकरण पश्चात सञ्जालका तर्फबाट नै लैङ्गिक विभेदमा आधारित हिंसाका घटनाहरुमा परामर्श सेवा प्रदान गर्न थालेका छन् ।

त्यसैगरी मोरङ्गमा महिलाको कामको अधिकार तथा सामाजिक संरक्षणमा समानताका लागि नीतिगत परिवर्तन आवश्यक भएकोले त्यसको पैरवी गर्ने उद्देश्यका साथ श्रमिक महिलाहरुको सञ्जाल पनि विस्तार गरिएको छ । जिल्लाको केराबारी गाउँपालिका ,उर्लाबारी नगरपालिका ,रंगेली नगरपालिकामा पालिका स्तरीय ३ वटा श्रमिक महिला संजालको गठन गरिएको छ भने जसमा विभिन्न क्षेत्रमा काम गर्ने महिलाहरुको सहभागीता रहेको छ । जम्मा ३३ जना सदस्य भएको श्रमिक महिला संजालका पदाधिकारीहरुलाई लैगिक हिंसा, मानव अधिकार, महिला अधिकार, कामको अधिकारको विषयमा अभिमुखिकरण समेत प्रदान गरिएको थियो ।

# अन्तरपुस्ता संवाद कार्यक्रम सम्पन्न



सुदुरपश्चिम प्रदेश अन्तर्गत पर्ने कैलाली तथा कन्चनपुर जिल्लाका दोधराचाँदनी नगरपालिका, भिमदत्त नगरपालिका, कैलारी गाँउपालिका, भजनी नगरपालिका र टिकापुर नगरपालिकामा अगष्ट तथा सेप्टेम्वर २०२३ मा अन्त्तपुस्ता सम्बाद कार्यक्रम सम्पन्न भएको छ । जम्मा १५५ जना स्थानीय महिला तथा किशोरीहरुको सहभागीतामा सम्पन्न उक्त कार्यक्रमको मुख्य उद्देश्य आमा उमेर समुहका महिला समुह सदस्य र किशोरी संजालमा आवद्ध भई अभियानमा सक्रिय भएर काम गरेका किशोरीहरु बिच ज्ञान हस्तान्तरण गर्ने तथा आमा र छोरी समुहको महिलाहरुले भोग्दै आएका समस्या तथा अनुभव र चाहेको परिवर्तनको बारेमा अनुभव अदान प्रदान गर्ने थियो ।

उक्त कार्यक्रममा सहभागीहरुले अझैपनि महिलालाई हेर्ने दृष्टिकोणमा मापनिय परिवर्तन नभएको, आमा उमेर र छोरी उमेरका महिलाहरुमाथि गरिने व्यवहारमा तात्विक भिन्नता नभएको निश्कर्ष निकालेका थिए । दुई वटै जिल्लाका ५ वटै पालिकामा गरिएको उक्त कार्यक्रममा किशोरीहरुको तर्फबाट छोरीहरुलाई प्राविधिक शिक्षा अवको आवश्यकता रहेको, छोराछोरीमा समान व्यवहार हुनुपर्ने, स्वःइच्छाले पढ्न पाउनु र काम गर्न र बिहे गर्न पाउनु छोरीहरुको अधिकार भएको र पैतृक सम्पत्तिमा समान हक हुनुपर्ने कुराहरुको माग गरेका थिए । कार्यक्रममा सहभागी भएका छोरी र आमा समुहले व्यक्त गरेका समस्या र किशोरीहरुले व्यक्त गरेका समस्याबाट दुबै समुह समुदायमा अफनत्वको भावना सृजना हुनुका साथै कतिपय आमाहरुले आफुले भोगेका समस्या जानी नजानी आफ्नो छोरीहरुलाई पनि दिइ रहेको कुरा महशुस गर्दै यस किशिमको अन्तरपुस्ता कार्यक्रमले आत्म समिक्षा गर्दै सुधारमुखी व्यवहार गर्न सहजिकरण गर्ने भएकाले यस किशिमका कार्यक्रमको महत्व रहेको कुरा व्यक्त गरेका थिए ।



# सरोकारवाला निकायहरुसँगको समन्वयमा विश्व आत्महत्या रोकथाम दिवसको आयोजना




ओरेक महोत्तरीको सहकार्य तथा जिल्ला समन्वय समिति महोत्तरीको समन्वय र जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीको आयोजनामा भदौ २४ २०८० का दिन महोत्तरी जिल्लामा विश्व आत्महत्या रोकथाम दिवसको अवसर पारी सरोकारवाला निकायहरुसँग अन्तक्रिया तथा दीप प्रज्वलन कार्यक्रम सम्पन्न भएको छ । जम्मा २४५ जना स्थानीय सरोकारवाला, मानव अधिकारबादीहरुको उपस्थितिमा सञ्चालन भएको उक्त कार्यक्रमको उद्वेश्य महोत्तरी जिल्लामा  आत्महत्याको अवस्था र त्यसको नियन्त्रण गर्न सरोकारवाला निकायहरुको भुमिका पहिचानका उपायहरुको खोजी गर्ने रहेको थियो। अन्तरकृयाबाट सुरुवात भएको यो कार्यक्रम जिल्लामा  आत्महत्याबाट देह त्याग गरेका व्यक्तिहरुको आत्माको शान्तिको लागि दिप प्रज्वलन कार्यक्रमको आयोजना गरी समापन  गरिएको थियो । एक दिवसिय यस अन्तरकृया कार्यक्रममा जिल्लाका जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख, जिल्ला समन्व्य समितिका प्रमुख, जलेश्वर नगरपालिकाको उप–प्रमुख, मावन अधिकार रक्षक संजालका पदाधिकारीहरु, इन्सेक मधेश प्रदेश कार्यालयका प्रमुख र जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय,  स्थानीय सामुदायिक विद्यालयका प्र.अ , शिक्षक , विधार्थी, मानव अधिकारकर्मी, संघ संस्थाहरुको  उपस्थिति रहेको थियो ।

कार्यक्रममा ओरेक महोत्तरीका तर्फबाट विश्व आत्महत्या रोकथामको अवधारण पत्र प्रस्तुत गरेको थियो भने टि.पी.ओ नेपालले आत्मा हत्या गर्ने कारण, सरोकारवाला निकायले गर्नु पर्ने जिम्मेवारीका विषयमा प्रस्तुतिकरण गरेको थियो । त्यस्तै गरि जिल्ला प्रहरी कार्यालय महोत्तरीले जिल्लामा आत्महत्याको अवस्था र पालिकागत तथ्याङ्कको प्रस्तुती गरेको थियो  । जसबाट महोत्तरी जिल्लामा सब भन्दा बढी बर्दिवास नगरपालिकामा हात्महत्या दर बढी रहेको र त्यसपछि क्रमशः गौशाला नगरपालिका, भंगाहा नगरपालिका , जलेश्वर नगरापलिका रहेको पाइएको थियो । कार्यक्रममा गरेको प्रस्तुति र सहभागीहरुको छलफलबाट महोत्तरी जिल्लामा धेरै गरिबी  रहेको र अधिकांश नागरिकहरु शिक्षाको पहुँचबाट बन्चित रहेको सिमान्तकृत समुदायहरु रहेको पाईएकोले आत्महत्या हुनुमा यी कारक तत्वले भूमिका खेलेको हुन सक्ने देखिएकाले यसको न्यूनिकरणका लागि स्थानीय तहका नीति तथा कार्यक्रममा यी समस्याहरुलाई समेटेर पालिकाका कार्यक्रमहरु निर्धारण गरिनु पर्नेमा जोड दिइएको थियो ।

आत्महत्या रोकथाम दिवसको अवसरमा 'आशा जगाऔं' 'जिबन बचाऔं' भन्ने नाराको साथ रुकुम जिल्लामा पनि बिभिन्न सरोकारवालाहरुको सहकार्यमा प्रभात फेरी कार्य अन्तरक्रिया कार्यक्रम सम्पन्न गरी मनाएको थियो । रुकुमका प्रमुख जिल्ला अधिकारी हरी प्रसाद पन्तज्यूको अध्यक्षता तथा नगर उप प्रमुख बिमल कुमार पुनको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा ओरेकले कार्यपत्र प्रस्तुत गरीएको थियो छलफल पश्चात जिल्ला स्वास्थ्य कार्यालय प्रमुख, जिल्ला प्रहरी प्रमुखले आत्महत्या महामारी जस्तै गरी बढि रहेको वर्तमान अवस्थामा सबै सरोकारवालाहरु संबेदनसिल भएर लाग्नु पर्ने,




आत्महत्या कम गर्न जनचेतना बढाउनु पर्ने कुरामा जोड दिएका थिए भने नगर उपप्रमुखले मानसिक स्वास्थ्यका क्षेत्रमा काम गर्नका लागी पालिकाले पनि बजेट बिनियोजन गरी आत्महत्या रोकथाममा लाग्ने प्रतिबद्धता जनाएको थिए । कार्यक्रममा रुकुमका करिब १०० जना सरोकारवालाहरुको सहभागिता रहेको थियो ।



यो कार्यक्रम सिराहा जिल्ला लगायत ओरेक कार्यतर अन्य जिल्लाहरुमा समेत सञ्चालन भएको थियो । सिराहा जिल्लामा भदौ २४ गते २०८० का दिन सम्पन्न उक्त कार्यक्रम जिल्लामा कार्यरत गैरसरकारी संस्था लगायत सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधिको उपस्थितिमा र्यालीबाट सुरु गरी कोण सभा र जिल्लाको सदमुकाममा सरोकारवालासँग संवाद कार्यक्रम समेत गरी समापन गरिएको थियो । जिल्लाका जम्मा १७ वटा स्थानिय तह र सरोकारवाला निकायले आत्महत्या रोकथामका लागि योजना बनाएर काम गर्नको लागि सरोकारवाला निकायलाई ध्यानआकर्षण गराउने उद्देश्यका साथ यो कार्यक्रम आयोजना गरिएको थियो ।

## युवाहरुको समस्या र चुनौतिका बिषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न

महिला पुनरस्थापना केन्द्र (ओरेक ) रुकुम र मुसिकोट नगरपालिकाको सहकार्यमा युवा दिवसको अबसरमा रुकुम पश्चिम मुसिकोट नगरपालिकामा सरोकारवालाहरु बिच अन्तरक्रिया कार्यक्रम संचालन गरिएको थियो । कार्यक्रमको संचालन शिक्षा तथा युवा खेलकूद शाखाका प्रमुख नरेन्द्र ओलीले गरेका थिए भने कार्यक्रममा ओरेक रुकुमले सहभागीहरुलाई स्वागत गर्दै कार्यपत्र प्रस्तुत गरेको थियो ।





कार्यक्रममा ५९ जनाको उपस्थिति रहेको थियो । रुकुम जिल्लामा युवा बर्गहरुमा भएका समस्या तथा जोखिमको बारेमा जानकारी लिई हाल अवैधानिक रुपमा अमेरिका पठाउनेको संख्या बृद्धि भएको र यो मानब तस्करी भएकोले यसलाई कसरी रोकथाम गर्न सकिन्छ भन्ने बारेमा छलफल गर्नु कार्यक्रमको मुख्य उद्देश्य रहेको थियो ।

छलफलका सहभागीहरुले मुलुकमा भएको राजनीतिक परिवर्तनले देशमा रूपान्तरणको भरपर्दो आधार तयार गरेको र यसलाई परिणाममुखी बनाउन तथा वर्तमान अवस्थाबाट देशलाई समृद्धिको बाटोमा लैजान रूपान्तरणको खाका कोर्नु आवश्यक रहेको साथै रूपान्तरणलाई आत्मसात गर्न सक्ने, आफू स्वयम् रूपान्तरित भई, व्यक्तिगत स्वार्थभन्दा माथि उठी देश र जनताप्रतिको जवाफदेहितासहित कार्य गर्न सक्ने युवा नेतृत्व अपरिहार्य रहेको वर्तमान आवश्यकतालाई उठान गरेका थिए । अवको मुलुक रुपान्तरणका लागि युवको नेतृत्व आवश्यक रहेको कुरालाई जोड दिदै  यसका लागि युवाहरुको ज्ञान, सीप, अनुभव, र सिर्जनशीलतालाई राष्ट्रिय विकासमा मूलप्रवाहिकरण गर्ने तर्फ राष्ट्रका नीति तथा कार्यक्रमहरु निर्देशित हुनु जरुरी  भएकाले त्यसका लागि हरेक क्षेत्रमा युवाहरुको समावेशी सिद्धान्तका आधारमा समान र निर्णयकारी सहभागीता सुनिश्चित गर्न सहभागिमुलक पैरविको आवश्यकता रहेको कुरा छलफल भएको थियो । यसका साथै युवाहरुको लागि स्थानीय तह र सरकारले बजेट तथा कार्यक्रम छुट्याएर स्वदेशमा नै रोजगार सृजना गरी देशमा बस्ने वातावरण  सृजना गर्न सबैको भूमिका रहेकाले आगामी दिनहरुमा सोही अनुसारका नीति तथा कार्यक्रम तर्जुमा गर्ने, लागु औषध र दुव्र्यसनीबाट युवाहरु टाढै रहनु पर्ने कुराहरुमा छलफल भएको थियो । यस कार्यक्रमको आयोजनाबाट युवाहरुको स्थानिय तहमा समन्वय सहकार्य भएको जसले गर्दा सरोकारवाला निकायले युवाका लागि साना घरेलु उद्योग खोली स्वःरोजगार बनाउने प्रतिवद्धता जनाएका थिए भने व्यवहारिक शिक्षामा समेत जोड दिने प्रतिवद्धता गरेका थिए ।

## हिंसा प्रभावित महिलाहरुका लागि सिप विकास तालिम सञ्चालन





महिलाको आर्थिक सशक्तिकरणका लागि ओरेकले यस किसिमको सिपमुलक तालिमको आयोजना गरेको थियो । हिंसा प्रभावित महिलाहरुको आत्मबल विकास गर्दै स्थानीय सरकारलाई महिलामुखी कार्यक्रमको निर्माण गर्न पैरवि गर्ने उद्देश्यका साथ सञ्चालित ४ दिने दालमोठ भुजिया तालिमबाट हिंसा प्रभावित महिलाहरुको आत्मवल विकास भई आर्थिक र सामाजिक विकासको लागि उक्त दालमोठ भुजिया तालिमले सहयोग गर्ने विश्वास लिइएको छ ।

यसका साथै महिलाहरुको दिगो जिविकोपार्जनमा सहयोग पुर्याउने उद्देश्यले संचालन भएको तालिममा नमकिन, बेसन र चामलको पिठोको तीन प्रकारका दालमोठ भुजिया बनाउन सिकाएको थियो  भने तालिम प्राप्त भइसकेपछि तालिम प्राप्त महिलाहरुलाई बीउँ पुँजी सहयोग गर्ने र सोही बीउँ पुँजीबाट सामुहिक रुपमा उद्योग संचालन गर्नका लागि व्यवसायिक योजना बनाई काम शुरु गर्ने ओरेक सिराहाको भनाइ रहेको छ ।

## हिंसा प्रभावित महिलाहरुको आर्थिक सशक्तिकरण, तथा प्रभावितमैत्री सेवा प्रदान विषयमा सरोकारवालाहरुसंग छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न



ओरेक उदयपुर र महिला सशक्तिकरण श्रोत केन्द्रको संयुक्त आयोजनामा उदयपुरमा ३१ भदौ २०८० का दिन एक दिने अन्तरकृया कार्यक्रम सम्पन्न भएको छ । ओरेकका अभियानसँग प्रत्यक्ष सरोकार राख्ने उदयपुरका जम्मा १९१ जना महिला १९१ र ११ जना पुरुष सहितको उपस्थितिमा सञ्चालन भएको कार्यक्रमको उद्देश्य हिंसा प्रभाबित महिलाको आर्थिक शशतिmकरणको लागि स्थानिय निकायको ध्यानकर्षण गरी आर्थिक शशक्तिकरणको लागि प्रभाबितमैत्री कार्ययोजना निमार्णको लागि आबश्यक पहल गर्ने  तथा पालिकाको आगमि बर्षको बार्षिक कार्य योजनामा हिंसा प्रभाबित महिलाको आर्थिक शशक्तिकरणका लागि नीति तथा बजेट र कार्यक्रम तर्जुमाको बिषयमा छलफल गर्ने  रहेको थियो । तीजको अवसर पारी सञ्चालन भएको यस कार्यक्रमको प्रमुख अतिथिमा कोशी प्रदेश उपसभामुख सृजना दनुवार रहनु भएको थियो भने विशेष अतिथिको रुपमा त्रियुगा नगरपालिका प्रमुख महेश्वरी राई र बेलका नगरापालिकाका उप प्रमुख जीरा राई रहनु भएको थियो । यस कार्यक्रममा जिल्लाका गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि, महिला मानव अधिकारबादीहरु, सञ्चारकर्मी तथा सरकारी निकायका पदाधिकारीहरुको बाक्लो उपस्थिति रहको थियो ।

कार्यक्रममा समुदायमा महिला तथा पुरुषहरुलाई हामिले मनाईने पर्बहरुको बिषयमा मर्यादित पर्व कसरी बनाउने भन्ने सवालमा छलफल गर्दै हामिले प्रस्तुत गरेका व्यबहार, बोली र चाडपर्वको नाममा हुने तडक भडकको सवालहरुको नकारात्मक असरहरुको बारेमा छलफल द्धारा स्पष्ट हुनका लागि छलफल  गरिएको थियो भने हिंसा प्रभावितहरुको आर्थिक ससक्तिकरणका लागि पालिकाहरुले संचालन गरेको योजनाको बिषयमा पालिका स्तरीय छलफल सञ्चालन भएको थियो । यसका साथै हिंसा प्रभावित महिलाहरुले पालिकाबाट पाएका सेवाहरुको अवस्था र तीज पर्वलाई विश्व अर्थतन्त्र, विश्वव्यापीकरण र अहिलेको वजारले महिला माथि गर्न खोजेको नियन्त्रणको आलोचन गर्दै आफ्ना परम्परा अनुसार जून आफुलाई हानी गर्ने खालका धर्म संस्कारको अन्त्यका लागि समुदायमा सचेत नागरिकको भूमिकाको बिषयमा समेत छलफल गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि कोशी प्रदेश उप सभामुख लगाएत पालिकाका उप प्रमुखहरुको प्रतिवद्धता सहितको सुभकामना मन्तव्य रहेको थियो भने  हिंसा प्रभाबित महिलाको आर्थिक शशक्तिकारणको लागि स्थानिय निकायको ध्यानकर्षण भएको र अवका दिनमा आर्थिक शशक्तिकारणको लागि प्रभाबितमैत्री कार्ययोजना निमार्ण गरी ओरेकसंगको साझेदारीतामा बिउँ पूजी सहयोग कार्यक्रम संचालन गरिएको हुदाँ थप आबश्यक पहल गर्ने प्रतिवद्धता जनाउनु भएको थियो  । साथै पालिकाको आगमि बर्षको बार्षिक कार्य योजनामा हिंसा प्रभाबित महिलाको आर्थिक शशक्तिकारणलागि निति तथा बजेट र कार्यक्रम तर्जुमाको बिषयमा योजना गरेको र थप केही गर्नुपरेमा प्रतिवद्ध भएको जानकारी आम सहभागिहरुलाई गराउनु भएको थियो । यसका साथै हिंसा प्रभावितको सवालमा काम गर्ने क्रममा कतै पनी नहिचकिचाइकन सुरक्षा आवास गृहमा आवस्यक बजेट, निर्माण लगाएत व्यबस्थापनको पाटोमा समेत अपनत्व महसुस भई काम गरिरहेको र आगामि दिनमा पनि निरन्तर गर्ने योजना भएको कुरा स्थानीय पालिका प्रतिनिधिहरुले बताउका थिए ।

# “प्राविधिक तथा व्यासयिको तालिमको माध्यमद्धारा महिलाको आर्थिक शशक्तिकारणका लागि कृषि जे टि ए (स्तर २) को तालिम सम्पन्न



लैंगिक बिभेद र हिंसाका कारणले बिद्यालय शिक्षालाई निरन्तरता दिनबाट बञ्चित गरिएका महिला तथा पछाडी पारिएको वर्ग, तथा समुदायहरुको दिगो जिबिकोपार्जका लागि प्राविधिक शिक्षाद्धारा शिप विकास गरि प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम बाट दिगो जिबिकोपार्जनमा सहयोग गर्दै हिंसा बिरुद्ध प्रतिकार्य गर्न सक्ने ब्यतिmको रुपमा बिकाश गर्ने लक्ष्यका साथ ओरेक उदयपुरले ओरेकको कार्यक्षेत्र रहेका जिल्लाहरुबाट सहभागिहरु छनौट गरी १७ जनालाई कृषि जेटिए तालिम संचालन गरेको छ ।

लैंगिक हिंसाबाट प्रभावित शिक्षा र रोजगारीको अवसरबाट बञ्चित महिला, उपेक्षित समुदाय र आर्थिक विपन्नतमा पिल्सिएकाहरुको व्यावसायिक क्षमता अभिवृद्धि गर्ने र आत्म निर्भरता तर्फ उन्मुख हुन प्राविधिक शिक्षा तालिमद्वारा सहजिकरण गर्ने, प्राबिधिक तथा व्यवसायिक सीप प्राप्त दक्ष महिला जनशक्ति उत्पादन गर्ने, ज्ञान, सिप, धारणा र प्रविधिको उपयोग गरि समुदायको दिगो विकासमा टेवा पु¥याउने, स्थानिय स्तरमा नै कृषि तथा पशुपालनको दक्ष प्राबिधिक जनशक्ति उत्पादन गर्ने उद्देश्यका साथ सञ्चालित उक्त व्यवसायिक तालिम आश्विन १०, २०८० मा सम्पन्न भएको छ । उक्त व्यवसायिक तालिम प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम परिषद्को पाठ्यक्रममा ओरेकले महिलाबादी दुष्टिकोणबाट परिमार्जन गरी कक्षा संचालन गरिएको थियो । जसबाट जम्मा १५ जना महिला हरुले कृषि जे टि ए (स्तर २) को सैद्धान्तिक तथा प्रयोगात्मक कक्षा प्राप्त गरेका छन् भने उनीहरुका लागि ७ दिने महिलाबादी क्षमता अभिबृद्धि तालिम प्रदान गरिएको र तालिम पश्चात् सहभागिहरुमा महिलाबादी धारणा र मुल्य मान्यतामा स्पष्टता आएको थियो । त्यसै गरी उक्त तालिममा सहभागिहरुले कृषिमा लैङ्गिक मुल प्रबाहिकरण गर्ने सीपको बारेमा समेत जानकारी पाएका छन् । यस कार्यक्रमको माध्यमबाट ओरेकले स्थानीय तहका नीति तथा कार्यक्रममा लैंगिक बिभेद र हिंसाका कारणले शिक्षा, रोजगारबाट बन्चित महिला तथा पछाडी पारिएको वर्ग, तथा समुदायहरुको दिगो जिबिकोपार्जका लागि प्राविधिक शिक्षामा जोड दिनका लागि पैरविका कार्यक्रम सञ्चालन गर्न यस किसिमका कृयाकलाप सञ्चालन गर्दै आएको छ ।

# नागरिकले राष्ट्रबाट पाउनुपर्ने अधिकार सुनिश्चितताको लागि पैरवीमुलक दस्तावेतको तयारी

नेपालको संविधान, २०७२ ले प्रत्येक नागरिकलाई राष्ट्रबाट पाउने प्रत्येक पक्षमा बराबर अधिकार हुनेछ भनेपनि अझैपनि नागरिकता पाउने प्राबधानमा धेरै समस्या भोग्नु पर्ने स्थिति छ । यस्तै समस्या चार वर्षदेखि झेलिरहेकिछिन् बिमला लिम्बु। उनका बाबुले जन्मसिद्ध नागरिकता लिएका छन् । बाबुको नामबाट उनीहरुले पनि नागरिकता पाउनुपर्ने ब्यवस्था कानूनमा उल्लेख छ । तर जब उनी नागरिकता बनाउन सम्बन्धित कार्यालयमा पुगिन् तब उनले धेरै झैझमेलाहरु सहनुपर्यो र अन्त्यमा उनको नागरिकता पनि बनेन ।



'बाबाको नाममा आधिरित जन्मशिद्ध नागरिकता हुँदा चाँहि जस्तै यो अहिले नियम लागु भैसकेपछि जन्मसिद्धको नागरिकता हुने छोराछोरीले वा बालबच्चाले नागरिकता पाउने भन्ने नियम लागु भैसकेपछि मैले गएर गाउपालिकामा सिफारिश लिएर प्रमुख जिल्ला कार्यालय पुगे । त्यहा नागरिकताका लागि दिनभरि लाइनमा उभिदा उभिदा मेरा खुट्टा सुन्निसकेका थिए तर पनि मैले नागरिकता पाउनका लागि दुःख गरे, पछि भोलि तपाईहरुले नागरिकताको टिकेट पाउन रात भरि बस्नु पर्ने हुन्छ भनेर एकजना कार्यलयको मान्छेले भन्नु भयो जसले गर्दा हाम्रो परिश्रम र दुःख यसै खेर गयो । त्यसपछि हामी गाडि बोलाएर तीन हजारमा १० बजे तिर घर आइपुग्यौ |
भोलिपल्ट हामी ३ बजे उठेर गाडी रिजब गरेर प्रमुख जिल्ला कार्यालय पुग्यौ । पानी परिरहको थियो र छाता ओडेर बल्लबल्ल ४:३० बजे तिर कार्यालय पुग्यौं र त्यहादेखि हामीलाई ४५ मिनेट पछि हाम्रो लाइनमा उभिने पालो आयो र लाइनमा कुर्दै गर्यौ । त्यसपछि नागरिकताको बारेमा कुरा गर्दै गएपछि सबैको बन्दै गयो र हाम्रो पालो आउदा खेरि दादाले सबैकुरा लेखदिदै जानुभयो र जबपालो आयो तब दादाले कागजपत्र दिनुभयो। जस्तै गाउपालिकाको सिफारिश भयो, अनि नाता प्रमाणित गर्नु पर्ने फोटोहरु दिनु भैसकेपछि । बाबाको नागरिकता छ भनेर भन्नुभयो अनि दादाले छ भनेर भन्नुभयो, अनि फेरि आमाको नागरिकता छ भनेर सोध्नु भयो अनि आमाको नागरिकता छैन भन्दा खेरि चाहि आमाको नागरिकता नभएको भनेर गाँउपालिकाको सिफारिशमा लेख्नुभयो । आमाको नागरिकताको कुरा गर्नु पर्दा मेरो आमा बितिसक्नुभाको भएर नागरिकता छैन ।'

'मेरो हजुरबुवाको पनि नागरिकता जन्मसिद्ध भएको कारणले मेरो आमाको नागरिकता बनेको थिएन । अहिले आमाको नागरिकता नभएकोले गर्दा हामीले नागरिकता नपाउने कुरा आएको छ । जस्तैः सुरुमै जानकारी गराएको थियौ जुन मान्छेको आमाको, बाउको नागरिकता छ त्यो मान्छेले मात्र नागरिकता पाउने, त्यस्तो मन्छेलाई मात्र सिफारिश दिनु भनेर जिल्ला प्रशासन कार्यालयले उपमेयरहरुलाई र उँहाहरुले अध्यक्षहरुलाई, सचिब, सह सचिबलाई भन्नु भाको रहेछ । उँहाहरुले हाम्रो कुरा नराखिदिनु भैसकेपछि चाँहि जस्तै सफारिश भैसके पछि हामीले नगारिकता पाउनुपर्ने हो भन्न मात्र चाहन्छु । नागरिकता नहुँदा उनीले के कस्ता समस्याहरु भोग्नुपर्यो त भन्ने सवालमा उनीले भनिन्: मैले नगरिकताको प्रकृया सुरुगरेको चार बर्ष भैसकेको र त्यसमा कुनै परिवर्तन भएको छैन । जस्तो सङ्घसँस्थामा पसेर काम गरौं भन्दा खेरी पनि नागरिकता प्रमाणपत्र छ भनेर सोध्नुहुन्छ ।'

यसकिशिमका समस्याबाट गुज्रिने बिमला लिम्बु त एक प्रतिनिधि पत्र मात्रै हुन् ।  यस्ता समस्या हाम्रै टोल छिमेकमा पनि सुनिरहेकाहुन्छौं । नागरिकता नहुँदा उनीले के कस्ता समस्याहरु भोग्नुपर्यो त, भन्ने सवालमा फेरि उनी भन्छिन् : ‘मैले नगरिकताको प्रकृया सुरु गरेको चार बर्ष भैसकेको र त्यसमा कुनै परिवर्तन भएको छैन । जस्तो संघ सस्थाामा पसेर काम गरौं भन्दा पनि नागरिकता नै खोज्नु हुन्छ ।’ नगरिकताको अधिकार एउटा महिलाको विषय मात्र होइन । यससंग अन्य अधिकारका पक्ष पनि प्रत्यक्ष अप्रत्यक्ष जोडिएका छन् । जस्तैः बाल अधिकार, जेष्ठ नागरिक, सम्पतिको हक जस्ता अनेकन अधिकारका विषययहरु । संविधान र ऐनले यस्ता समस्याहरु समाधान प्राबधान गरिएपनि प्राबधान सरकारी तह सम्ममा कार्यान्वयनमा आउँदा अनेक झै–झमेला र लापरबाहीका खबरहरु दिनानुदिन बाडिरहेका छन् ।  यस्ता विषयमा ध्यानकर्षण नभएको हो वा कार्यान्वयनमा अल्झिएको हो ।

## जुलाईदेखि सेप्टेमबर २०२३ सम्म महिला मानव अधिकारका सवालमा प्रकाशन भएका प्रेश विज्ञप्तिहरु

| S.N | Press Release | Date |
|---|---|---|
| 1 | देशमा जातीय विभेदको अन्त्य गर्ने भन्ने कानुनी व्यवस्था भएपनि जातीय छुवाछुत तथा भेदभावको आधारमा मानव अधिकार हनन्का निकृष्ट घटनाहरुले निरन्तरता पाउनु, पीडकले उपयुक्त सजाय नपाउनु तथा यस्ता घटनाहरु हुन नदिनका लागि समुदायतहदेखि नै सामाजिक रुपान्तरणका कार्यहरु शुरुवात नभएको स्थिती | 4-Jul |
| 2 | महिलालाइ अपमानित गर्ने गरी प्रयोग गरिएको शब्दावलीप्रति गम्भीर ध्यानाकर्षण | 25-Jul |
| 3 | मावन अधिकार रक्षक माथि भएको कुटपिट र दुव्र्यवहाराको घटना | 1-Aug |
| 4 | मुलुकी फौजदारी अपराध संहिता २०७४ को दफा ११६ अन्तगत "क" थप गरिएको | 3-Aug |
| 5 | बलपूर्वक बेपत्ता पारिएका पिडितहरुको १३ औं' अन्तर्राष्ट्रिय दिवसको अवसरमा न्यायको माग | 30-Aug |
| 6 | बलपूर्वक बेपत्ता पारिएका पिडितहरुको १३ औं' अन्तर्राष्ट्रिय दिवसको अवसरमा न्यायको माग | 30-Aug |
| 7 | महिला माथी भएका हिंसाको प्रतिवेदन श्रावण | 1-Sep |

**क) हिंसाको प्रकार**




ओरेक
बालकुमारी, ललितपुर फोन नं: ०१ ५१८६०७३,
ईमेल : ics@worecnepal.org
वेवसाइट : www.worecnepal.org

## ख) प्रभावितको उमेरको आधारमा बर्गीकरण




## ग) प्रभावितको पीडकसँगको सम्बन्ध




## घ) पीडक र उमेर





ओरेक
बालकुमारी, ललितपुर फोन नं.: ०१ ५१८६०७३,
ईमेल : ics@worecnepal.org
वेवसाइट : www.worecnepal.org